# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी, चैत्र २१ गते,२०८० साल (संख्याः१३


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन (दोश्रो संसोधन) कार्यविधि,२०८०

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन (दोश्रो संसोधन) कार्यविधि,२०८०

प्रस्तावनाः

मुसिकोट नगरपालिकामा विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन कार्यविधि,२०७४(यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगरकार्यापालिकाले देहाय वमोजिम संसोधन गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन (दोश्रो संसोधन) कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कार्यविधि" भन्नाले मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन (दोश्रो संसोधन) कार्यविधि,२०८० लाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगरकार्यापालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "मुल कार्यविधि" भन्नाले मुसिकोट नगरपालिकामा विपद व्यवस्थापन तथा राहत कोष सञ्चालन कार्यविधि,२०७४ लाई सम्झनु पर्दछ ।

**३.मूल कार्यविधिको दफा २ को खण्ड (ङ) र (छ) मा संसोधनः** मूल कार्यविधिको दफा २ को खण्ड (ङ) र (छ) को सट्टा देहाय बमोजिमको खण्ड राखिएको छ ।

(ङ) "विपद्" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, बालीनाली, खाद्यान्न, क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

छ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी,अनिकाल,डढेलो/आगलागी,कीट-पतङ्ग आतंक,वर्डफ्लू, सर्पदंश,हिस्रक वन्यजन्तु /जनावर आतंक, खानी दुर्घटना, औद्योगिक दुर्घटना, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण वा विनास, सिंचाई संरचना,खानेपानी संरचना,सडक संरचना एवम् बस्ती र अन्य भौतिक संरचनाको क्षति र सँगसँगै विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

मुसिकोट राजपत्र

**४.मूल कार्यविधिको दफा १० मा संसोधनः** मूलकार्यविधिको दफा १० को खण्ड छ पछि देहाय बमोजिमको खण्ड (ज) थपिएको छः

(ज) विपदको कारण सिंचाई संरचना,खानेपानी संरचना, सडक संरचना र बस्तीमा समेत पूर्ण या आशिंक क्षति भएमा क्षतिको विवरण हेरी तत्काल संरचना निर्माण एवम् मर्मतको लागि संयोजकको लिखित स्वीकृतिमा समितिबाट अनुमोदन गराउने गरी रु.३००००।० सम्म उपलब्ध गराउन सकिने छ ।

**प्रमाणिकरण मिति २०८०।१२।२०**

**आज्ञाले,**
**विनोद कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**

**मुल्य रु १०**

मुसिकोट राजपत्र